नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाण्डौं

**प्रकाशित मितिः २०७८/०४ /२८**

सिद्धान्त क्याम्पस गैडाकोट नवलपरासी (सुस्तापूर्व) मा विएस्सी फरेष्ट्री (B.Sc.Forestry) विषयको छात्रवृत्तिमा मनोनयन सूची प्रकाशन गरिएकोसम्वन्धी अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०४।१८ गते प्रकाशित योग्यताक्रम सूची तथा मिति २०७८।०४।२४ गते प्रकाशित पूर्वमनोनयन सूची र पूर्वमनोनयन भएका उम्मेदवारहरूले पठाएका अध्ययन समर्थता र असमर्थताको निवेदनअनुसार कृषि तथा पशुविज्ञान विश्वविद्यालय रामपुर अन्तर्गतको सिद्धान्त क्याम्पस, गैंडाकोट सुस्तापूर्वमा शैक्षिक बर्ष २०७७/०७८ सालका लागि स्नातक तहको BSc Forestry विषयको निशुल्क अध्ययन छात्रवृत्तिमा मन्त्रालयको मिति २०७८ साउन २८ गतेको निर्णयअनुसार देहायअनुसारको उम्मेदवारहरूलाई मनोनयन गरिएको छ ।यसअघि पूर्वमनोनयन नभई सिधै वैकल्पिक स्थानमा हुनुका कारणले मनोनयनमा परेका उम्मेदवारलाई अध्ययन असमर्थता भए तथा मनोनित उम्मेदवारको विषयमा कुनै दाविविरोध भएमा applyscholarship@moest.gov.np मार्फत तीन दिनभित्र निवेदन पठाउन र मनोनित भई अध्ययन गर्न जान तयार हुने उम्मेदवारहरूले यसै सूचनासाथ संलग्न कबुलियतनामा पूर्ण रुपमा भरी २०७८ साल साउन ३२ गतेभित्रको त्यसको स्क्यानप्रति applyscholarship@moest.gov.np मार्फत पठाउनु हुन अनुरोध छ ।आफूसँग रहने कबुलियतनामाको सक्कलप्रति सम्बन्धित उम्मेदवार यस मन्त्रालयको छात्रवृत्ति शाखामा अनुकूल समयमा प्रमाणपत्र लिन आउँदा साथै लिएर आउनु पर्ने छ । अध्ययनका लागि समर्थ वा असमर्थको अवसर अहिले दिइएकोले मनोनयन भएपछि अध्ययन गर्न छोड्न नपाइने व्यहोरासमेत जानकारी गराइन्छ ।

क) मनोनयन गरिएका उम्मेदवारहरू

| SN | MoE RN | Name of the Candidates | Gender | Obtained Score | AFU Rank | MOEST Rank | Nomination Group |
|---|---|---|---|---|---|---|---|
| 1 | 8 | Sarina Aryal | F | 73 | 356 | 4 | G-1 |
| 2 | 1 | Abhishek Sapkota | M | 72 | 385 | 7 | G-2 |
| 3 | 7 | Kusum Gautam | F | 72 | 394 | 8 | G-3 |
| 4 | 20 | Bipisha Sharma | F | 72 | 383 | 6 | Female-1 |
| 5 | 18 | Rajan Chaudhary | M | 73 | 367 | 5 | Janajati-1 |

पुनश्चः यसअघि पूर्वमनोनयन भई अध्ययन असमर्थता जाहेर गरेका उम्मेदवाहरू क्रमशः मदन रिजाल, मोनिका श्रेष्ठ र देवी ओलीको असमर्थताको निवेदन स्वीकृत गरी वैकल्पिक उम्मेदवारसहितको मनोनयन सूची प्रकाशन भएको हो ।

अनुसुची १

*(छात्रवृत्ति सम्बन्धी नियमावलीको नियम २१ को उपनियम (१) सँग सम्बन्धित)*

## कबुलियतनामा

श्री.......................................को नाति/नातिनी श्री ...................................... .को छोरा/छोरी जिल्ला........................गाउँपालिका/न.पा/महान.पा............................................ वडा नं.......मा स्थायी बसोबास भएको मिति.................................मा जन्मेको म ........................................नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्नातक तहको **BSc Forestry** विषयमा अध्ययनका लागि श्री .....................................................................कलेज/संस्था/देशमा निशुल्क/आँशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ तथा छात्रवृत्ति सम्बन्धी नियमावली बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, विदेशमा छात्रवृत्ति पाई अध्ययन/तालिममा जाँदा नेपाल सरकार वा विदेशी सरकार वा कुनै संस्थाबाट प्रदान गरिएको रकम र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्चवापतको रकमसमेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो वमोजिम कबुलियतनामा गरी छात्रवृत्ति शाखा मार्फत  नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा  बुझाएँ ।

छात्रवृत्तिमा मनोनयन भएको उम्मेदवारको

| दायाँ | बायाँ |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको,-

सही :-

नाम :-

सर्म्पक ठेगाना :-

टेलिफोन नम्बर:

मिति :-

ना.प्र.प.नं. :-

नागरिकता जारी जिल्ला :

नोट:

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।